आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः-छैठौं

वैठक प्रारम्भः- विहान ०८:०० बजे

वैठक स्थगनः- विहान ११:०० बजे

वैठक सञ्चालन मितिः- २०८१।०७।०५ गते सोमबार

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको लिखित निर्णयहरु गरियो ।

| सि.नं. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्वु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री वल वहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन वहादुर तामाङ्ग | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली वहादुर लिम्वु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्ती वहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन वहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ वहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्वु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | नि. सदस्य-सचिव | कमल गौतम | |
| | | | |



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
नगर कार्यपालिकाको बैठक कार्यसूचि
मितिः- २०८१/०७/०५ गते सोमवार

<u>प्रस्तावहरु</u>

१. कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट आह्वान गरिएको प्रस्तावहरु पेश गर्ने सम्बन्धमा ।

२. प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

३. सडकबोर्डबाट संचालित योजनाको म्याद थप गर्ने सम्वन्धमा ।

४. आ.ब. २०८१/०८२ को सड्क बोर्ड नेपालको चैनपुर नगरपालिकाका लागि स्वीकृत बजेट सम्बन्धमा ।

५. भारी वर्षाका कारण चैनपुर नगरपालिका विद्यालयहरुमा पुर्याएको क्षति सम्वन्धमा ।

६. अन्य विविध विषयहरुमा ।

क. संखुवा आधारभूत विद्यालय तुपुवालाई कम्प्युटर र प्रिन्टर उपलब्ध गराउने सम्वन्धमा ।

ख. बालविकास आधारभुत विद्यालय कोक्सालाई सि.पि.यू. उपलब्ध गराउने सम्वन्धमा ।

ग. चैनपुर न.पा. वडा नं. ८ कटहरेबाट राउतगाँउ जाने सडक मर्मत सम्वन्धमा ।

घ. खानेपानी पाइप खरिदका लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

ङ. आगलागिबाट भएको क्षतिको क्षतिपूर्ती सम्वन्धमा ।

च. डिही भत्केर पुरिइ भएको घाइतेलाइ आर्थीक सहयोग सम्वन्धमा ।

छ. वडा न. ५ वडा कार्यालयको अनुगमनमा भएको इन्धन खर्चको रकम सम्वन्धमा ।

झ. तिज विशेष कार्यक्रमहरुको भुक्तानी सम्वन्धमा ।

ञ. छुट कित्ताको सिफारिस सम्बन्धमा ।

ट. मूर्ती हस्तान्तरण सम्बन्धमा ।

ठ. सहायता सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

निर्णयहरु

निर्णय नं. १.

प्रस्ताव नं. १ उपर छलफल गर्दा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको मिति २०८१/०६/२९. को प्रस्ताव आह्वान पत्रानुसार सम्बन्धित सरोकारवाला निकायहरूलाई चैनपुर नगरपालिका मार्फत तोकिएबमोजिम प्रस्ताव पेश गर्न अनुरोध गर्नका साथै नगरपालिकामा प्राप्त प्रस्तावनाहरुलाई मन्त्रालयमा सिफारीस समेत गर्ने निर्णय गरियो ।

क. ब्यायामशाला निर्माणका लागि मन्त्रालयबाट प्रस्ताव माग भए बमोजिम कागजात तयार गरी प्रस्ताव पेश गर्ने साथै चैनपुर नगरपालिका वडा नं. ६ मा रहेको जिरोप्वाइन्टको नगरपालिकाको नाममा रहेको जग्गा कित्ता नं. १३९ क्षेत्रफल ४२०० वर्गमिटर खालिजग्गा प्रयोग गर्न सकिने एवं यस नगरपालिका बाट निर्मित ब्यायामशालाको संरक्षण र थप सुधारको प्रतिवद्धता समेत लिने निर्णय गरियो।

ख. विभिन्न जातजातिका समाधिस्थल निर्माणि अन्तर्गत चैनपुर नगरपालिका २ स्थित दुवेनी जोरकुलो चिहानडाडा मलामि पाटी निर्माणकालागि कार्यपालिका बैठकबाट मन्त्रालयमा सिफारीस गर्ने साथै उक्त मलामि पाटी निर्माण गर्दा लाग्ने कुल लागतको २० प्रतिशत रकम यस नगरपालिकाबाट लागत साझेदारी गर्ने प्रतिवद्धता समेत ब्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिका भित्रका पिलुवा खोला , हेवा खोला, मभा खोला र अरुण नदीको नदीजन्य निर्माण सामग्री उत्खनन् तथा संकलन कार्यको लागि गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा जम्मा रु. २६ लाख ४२ हजार ४ सय ७२ मु.अ.कर बाहेक प्रतिवेदनमा पेश भएको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ उपर छलफल गर्दा सडकवोर्डमार्फत संचालन भइरहेको चैनपुर पोखरी, साउने खोल्सी योजनाको निर्माणकर्ता सत्यशाही निर्माण कम्पनिको म्याद समाप्त भएको हुँदा मिति २०८१/०८/१५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ उपर छलफल गर्दा आ.व. २०८१/०८२ को सडक बोर्ड नेपालको चैनपुर नगरपालिकाका लागि स्वीकृत वजेट यस नगरपालिका वडानं. ३ पोखरी स्थित त्रिचोक देखि थामपोखरी जाने सडक स्तरोन्नति गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गतका तपशिलका विद्यालयहरुमा वर्षातका कारण क्षति पुगेको हुँदा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

१. सरस्वती मा.वि. चैनुर, चैनपुर -६

२. शारदा मा.वि. त्रिशूले , चैनपुर ९



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

३. सरस्वती आ.वि. भित्रे, चैनपुर ९
४. प्रकाशेश्वर आ.वि. सिद्धकाली, चैनपुर ३
५. सिंहेश्वरी आ.वि. लेवारीङ, चैनपुर १०

**निर्णय नं. ६.क.**

प्रस्ताव नं. ६.क. उपर छलफल गर्दा संखुवा आधारभूत विद्यालय तुपुवालाई कम्प्यूटर र प्रिन्टर नभएको र विद्यालयको कर्यमा समस्या भएको हुँदा एक थान ल्यापटप र प्रिन्टर शिक्षा यूवा तथा खेलकुद शाखा तर्फको उपर्यूक्त शिर्षक मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६.ख.**

प्रस्ताव नं. ६.ख. उपर छलफल गर्दा वालज्योति आधारभुत विद्यालय कोक्सामा रहेको एकमात्र कम्प्यूटर विग्रीएको र वन्ने अवस्था नरहेको हुँदा यस नगरपालिकामा मौज्दात रहेको एक थान सि.पि.यू. उक्त विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६.ग.**

प्रस्ताव नं. ६.ग. चैनपुर न.पा. वडा नं. ८ कटहरेवाट राउतगाँउ जाने सडक वाढीपहिरोका कारण पूर्णरुपमा अवरुद्ध भएको हुँदा उक्त सडक मर्मतका लागि विपत व्यवस्थापन कोषवाट भुक्तानी हुने गरी प्रविधिक स्टिमेट र कार्यसम्पन्न मूल्याङ्कन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६.घ.**

प्रस्ताव नं. ६.घ. उपर छलफल गर्दा चैनपुर खानेपानी योजना उपभोक्ता समितिले पाइप खरिदका लागि रकम माग गरेको हुँदा माग वमोजिम रु. ३०,०००/ विपद व्यवस्थापन कोष वाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६.ङ.**

प्रस्ताव नं. ६.ङ. उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं. ९ निवाशी श्री चन्द्रवहादुर तामाङको मिति २०८१/६/१६ गते गाईगोठमा आगलागि भइ प्रहरी मुचुल्का समेतका आधारमा ८०,००० वगवरको क्षति देखिएको हुँदा विपद व्यवस्थापन कोष मार्फत रु.१० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ६. च.**

प्रस्ताव नं. ६.च. उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं. ५ स्थित पूर्णवहादुर लिम्वुको मिति २०८१/६/१२ गते खेतको डिही भत्कीदा निज सक्त घाइते भएको हुँदा निजको उपचार वापत रु. १५ हजार विपद व्यवस्थापन कोपवाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयवाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

साथै चैनपुर न.पा. १० स्थित धनवहादुर राईको देब्रे खुट्टा भाचिएको हुँदा उपचार खर्च रु. १० हजार उपलब्ध गराउने,

निर्णय नं. ६.छ.

प्रस्ताव नं. ६.छ. उपर छलफल गर्दा वडा न. ५ अन्तर्गत चैनपुर वाह्रविसे सडक वर्षाको कारण क्षतिभएकोले मर्मतको क्रममा भएको २०० लि. डिजेल इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६.ज.

प्रस्ताव नं. ६.ज. उपर छलफल गर्दा तिज विशेष कार्यक्रमहरुको भुक्तानी विविध कार्यक्रम खर्च शिर्षकवाट रु १५ हजारका दरले तपशिल वमोजिमका संस्थाहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

१. वोधिजागृत महिला संस्था , चैनपुर ६, रु १५०००/-
२. सिद्धकाली महिला शसक्तिकरण, चैनपुर ३, रु १५०००/-
३. पारीजात महिला संञ्जाल , चैनपर १०, रु १५०००/-

निर्णय नं. ६. ञ.

प्रस्ताव नं.६. ञ. उपर छलफल गर्दा वडा नं. ६ वडा कार्यालयवाट जग्गाहरुको कित्तागत विवरणमा कित्ता र वर्गीकरण छुट भएका व्यक्तिहरुको नामावली सहित कार्यापालिका वैठकमा पेश भएको हुँदा उक्त विवरण मालपोत र नापी कार्यालय चैनपुरमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ६.ट.

प्रस्ताव नं. ६.ट. उपर छलफल गर्दा पाथिभरा निसानी देवीको मूर्ती स्थापनाका लागि चैनपुर नगरपालिकाले मूर्ती खरिद गरेको हुँदा उक्त मूर्ती थामपोखरी पर्यटन संरक्षण समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.ठ.

प्रस्ताव नं. ६.ठ. उपर छलफल गर्दा चैनपुर न.पा. वडा नं. ३ निवासी यादवचन्द्र भण्डारीको दुइ तले कच्ची घर मिति २०८०/६/१३ गते अभिरल वर्षाका कारण पूर्ण क्षति भएकोले घर निर्माणकालागि नगरपालिकाले जस्तापाता ३ वण्डल उपलव्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १ मा उल्लिखित प्रोपोजल, कागज पत्र पेश गर्नका लागि कोशी प्रदेश सामाजिक विकास मन्त्रालयमा चैनपुर नगरपालिकाका नगरप्रमुख ज्युको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

माथि उल्लेखित निर्णयहरु गर्दै वैठक अन्त्य।



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिकाको कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।